# नेपालमा गरिबी निवारणका प्रयासहरु

**लाल बहादुर ओली, उपप्राध्यापक**

**आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्, त्रि. वि., नेपाल**

***सारसंक्षेप***

*प्रस्तुत लेखको उदेश्य नेपालमा गरिबीको मापन र गरिबीको अवस्था, नेपालमा गरिबीको स्थानिक वितरण, नेपालमा गरिबी निवारणका प्रयासहरु,गरिबी निवारणका समस्या तथा चुनौतिहरु रगरिबी न्यूनिकरणका उपायहरुको वारेमा व्याख्या र विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा पूर्णता द्धितीय स्रोतहरुवाट प्राप्त सूचनाहरु उपयोगगरी ती सूचनाहरुको व्याख्या र विश्लेषण गरिएको छ । वास्तवमा न्यूनतम आधारभूत आवश्यकताहरु पूरा गर्न नसक्ने अवस्था,शक्तिहीन, प्रतिनिधित्व विहिन अवस्था नै गरिबी हो जसले गर्दा मानिसहरु मानवोचित जीवन प्राप्त गर्न समेत सक्तैनन् । नेपालमा १९७०को दशकपछि मात्र गरिबीको मापन गरी वस्तुगत तथ्याङ्कहरु संकलन गरी गरिबीको विश्लेषण गर्न थालिएको हो । विभिन्न योजना अवधिमा गरिबी न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिएतापनि अपेक्षा अनुरुप गरिबी घटेको छैन । अझै पनि आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार २०७४/७५ को अन्त्यमा नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत रहेको छ भने वहुआयामिक गरिबी दर २८.६ प्रतिशत रहेको छ ।क्षेत्रगत रुपमा सबैभन्दा वढी प्रतिशत गरिबी हिमालमा रहेको छ भने ग्रामीणक्षेत्रमा शहरीक्षेत्र भन्दा गरिबी रेखामुनि रहेको जनसंख्या प्रतिशत वढि छ । विभिन्न कारणले गर्दा नेपालमा गरिबी निबारणका चुनौतिहरु अझै विद्यमान छन ।त्यसैले उपयुक्त उपायहरु अवलम्वन गरी सरकारी गैरसरकारी र नीजि क्षेत्रंवाट एकिकृत रुपबाट गरिबी न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्नुपर्छ ।*

**मुख्य शव्दावली** :गरिबी निवारण, गरिबी रेखा,क्यालोरी, मानव विकास ,योजना ।

## १. गरिबीको अर्थ र परिभाषा

सामान्यतया गरिबीलाई अभाव (Deprivation) वा विपन्नताको रुपमा बुझिन्छ ।अर्को शब्दमा गरिबी मानिसको जीवन निर्वाहका लागि न्यूनतम आधारभूत आवश्यकताहरु पुरा गर्न नसक्ने अवस्था गरिबी हो । यसर्थ बाँच्नका लागि आवश्यक रकम, सेवा तथा वस्तुको अभाव हुनु नै गरिबी हो । गरिबीका कारणले गर्दा मानिसहरुले गाँस, बाँस, कपास शिक्षा, स्वास्थ्य रोजगार जस्ता सुविधाहरु प्राप्तगर्न सक्तैनन् र मानवोचित जीवन बाँच्न पाउने नैसर्गिक अधिकारबाट वञ्चित हुन्छन् । विश्व बैंकले १.२५ अमेरिकी डलर प्रतिदिन कमाउन नसक्नेलाई गरिब भनि परिभाषित गरेको छ। राष्ट्र संघले आयु, साक्षरता, जीवनस्तर र वञ्चीतिकरणलाई आधारमानि गरिबी सूचकाङ्क तयार पार्दछ र यसका आधारमा गरिबीका विश्लेषण गर्दछ(मैनाली, २०१८)।नेपाल जीवनस्तर मापन सर्वेक्षण (२०१०/११) ले दैनिक न्यूनतम औषत क्यालोरी खाद्य पदार्थ र केही गैरखाद्य आवश्यकता भन्दा कम आय भएका मानिसहरुलाई गरिब मानेको छ। यस सर्वेक्षणका अनुसार वार्षिक रु.१९,२६१ भन्दा न्यून आय हुने व्यक्ति गरिब हा(केन्द्रिय तथ्याकं विभाग, २०११)। आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार २०७४/७५ को अन्त्यमा नेपालमागरिबीको रेखामुनी रहेको जनसंख्या १८.७ प्रतिशत रहेको छ भने बहुआयामिक सूचकाङ्क २८.६ प्रतिशत र मानव विकास सूचकाङ्क ०.५७४ रहेको छ । कुनैपनि समाज देशको विकासको लागि गरिबी बाधक हो । गरिबी राजनैतिक सामाजिक, आर्थिक, सास्कृतिक लैंगिक, आदि विभिन्न बहुपक्षीय कारकतत्वहरुको उपज हो । यसले गरिबीको दुष्चक्र निम्त्याउँछ। मानिसहरु कष्टपूर्ण जीवन विताउन बाध्य हुन्छन र रोग,भोक र शोकबाट पीडित हुन पुग्छन् ।

*Received: July 2019* *Accepted: Sept. 2019*

गरिबीलाई भिन्न भिन्न समय, परिवेश तथा स्थान अनुसार फरक फरक रुपमा परिभाषित गरेको पाइन्छ । Grieffin (1996) का अनुसार गरिबीभनेको सामाजिक अभावको अवस्था हो । संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP) को प्रतिवेदन २००१ का अनुसार गरिबीका दुई पक्षहरु छन, पहिलो न्यून आय हो जुन सम्मानपूर्वक जीवनयापन गर्न अपर्याप्त छ र दोस्रो मानवीय क्षमताको न्यून क्षमता हो जुन व्यक्तिहरुले आफूले चाहे अनुसार जीवनयापन गर्न सक्तैनन्। अर्थशास्त्री अमर्त्य सेनका अनुसार मानवीय आवश्यकता पूरा गर्ने सामर्थ्य नभएको अवस्था गरिबी हो। रवर्ट च्याम्बर(Robert Chamber) ले गरिबी कुनै एउटा लक्षणबाट मात्र व्याख्या गर्न नसकिने हुँदा विभिन्न पक्षको पहिचान तथा विश्लेषण आवश्यक हुन्छ भनेका हुन् । उनले गरिबीलाई भौतिक आवश्यकता पूर्ति हुन नसकेको अवस्था, सामाजिक, हिनताबोध शारीरिक दुर्वलता, जोखिम, मौसमी प्रतिकूलता, शक्ति हिनता आदि परिस्थितीमा रहन बाध्य हुने परिस्थिती हो भनेका छन्(खत्री र देवकोटा,२०७०) ।

विश्व बैंक अनुसार æगरिबी भोकमरी हो । गरिबी बासस्थानको अभाव हो । विरामी हुँदा चिकित्सकलाई देखाउन नसकिने अवस्था हो गरिबी स्कूलसम्म पहुँच नहुने र पढन नजान्ने अवस्था हो । गरिबी रोजगार नभएको अवस्था हो । यो भविष्यमा एकदिन कसरी बाँच्ने भन्ने डरको अवस्था हो । दुषित पानीले गर्दा बच्चा विरामी भई गुमाउनु पर्ने अवस्था गरिबी हो । गरिबी शक्ति हिनताको अवस्था हो यो प्रतिनिधित्व र स्वतन्त्रताको अभावको अवस्था होÆ(अर्याल, २०७५)गरिबीलाइ आय दृष्टिबाट, आधारभूत आवश्यकताकोदृष्टिबाट र क्षमताकोदृष्टिबाट पनि परिभाषित गरीन्छ ।आय दृष्टिबाट निर्धारण गरिएको गरिबीरेखा भन्दा तल आम्दानी हुने व्यक्ति गरिब हो ।आधारभूत आवश्यकताको दृष्टिबाटआधारभूत मानवीय आवश्यकता पुरा गर्न भौतिक वस्तुको अभाव हुनुलाईगरिब भनिन्छ ।क्षमताकोदृष्टिबाट केही कार्य गर्न आधारभूत क्षमताको अभावलाई गरिबी भनिन्छ (सुबेदी रआचार्य,२०६८) ।

परम्परागत रुपमा गरिबीलाई आर्थिक पक्षबाट मात्र बुझ्ने गरिन्थ्यो तर हाल यसलाई सामाजिक र शासकीय, सहभागीताका आयामबाट पनि हेर्न सकिन्छ जस अनुसार खाद्यान्न, पिउने पानी, सरसफाई सुविधा, स्वास्थ्य सेवा, आवास, शिक्षा तथा सूचना जस्ता पक्षहरुको पहुँच र सामर्थ्यबाट टाढा भएमा कुनै पनि व्यक्ति मानवीय आवश्यकताबाट वञ्चित हुन्छ, यस्तो अवस्था नै गरिबी हो । वास्तबमागरिबी बहुपक्षीय कारकतत्वहरुको उपज हो । यसले मानव जीवनका बहुआयामिक पक्षहरुमा नकारात्मक प्रभाव पार्दछ । मानव जीवनलाई कष्टकर र पीडादायी बनाउँछ र मानिस न्यून जीवनस्तरमा बाँच्न बाध्य हुन्छ ।

समग्रमा गरिबी बहुआयामिक पक्ष हो । गाँस ,वास र कपास जस्ता भौतिक पक्षहरुको साथै शक्तिहिनता, आवाजहिनता, हिनताबोध जस्ता मनोवैज्ञानिक पक्षहरु पनिगरिबीसँग सम्बन्धीत छन् । शिक्षा र स्वास्थ्यको कमी, सिमित आय, भविष्यप्रति निराशा जस्ता पक्षहरु पनिगरिबीसँग सम्बन्धीत छन ।

## गरिबीको स्वरुप

Brandt Commission Reportले विकासका दृष्टीकोणबाट गरिवीलाई परिभाषित गरी विकसित(North) र विकासोन्मुख(South) विश्वमा रहेका गरिवहरुको सहयोगका लागि राजनीतिक प्रतिबद्दता देखाउन सुभाव दिएको थियो । यस प्रतिवेदनमा गरिवीलाई निरपेक्ष र सापेक्ष गरी दुईभागमा विभाजन गरिएको थियो (पौडेल, २०१२) ।

## १. निरपेक्षगरिबी (Absolute Poverty)

न्यूनतम आधारभूत मानवीय आवश्यकताहरु जस्तैः खाद्य पदार्थ, आवास, लत्ताकपडा, शिक्षा र स्वास्थ्य सुविधा आदि पूरा गर्न नसक्ने अवस्थालाई निरपेक्ष गरिबी भनिन्छ । यसमा आर्थिक र गैर आर्थिक दुवै तरिकाबाट भोक, रोग, अशिक्षा, अस्वस्थता, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक रुपमा शोषित, दमित तथा उत्पीडनमा पिल्सिएको अवस्था रहन्छ । निरपेक्ष गरिबीले गर्दा मानिसहरु शिक्षा, ज्ञान,सीप तथा क्षमतामा पहुँच नहुने हुँदा अवसरबाट वञ्चित हुन्छन् ।अतःगरिवीको रेखामुनिको आयस्तरको अवस्था लाइनिरपेक्ष गरिबी भनिन्छ ।

## २. सापेक्ष गरिबी (Relative Poverty)

यसलाइ तुलनात्मक गरिबी पनि भनिन्छ ।कुनै एक मुलुक, स्थानको वा व्यक्ति तथा घरपरिवारको आय भन्दा अको ' मुलुक, स्थान वा व्यक्ति तथा घरपरिवारको आय कम भएको अवस्था सापेक्ष गरिबी हो ।कुनै व्यक्तिको आम्दानी बाँच्नका लागि पर्याप्त भए पनि उसको आम्दानी अरुको भन्दा कम भएमा उसलाई सापेक्षिक गरिब भन्न सकिन्छ । यसैगरी विभिन्न देशहरुको आय तथा धन सम्पत्तीको असमान वितरणलाई सापेक्षिक गरिबीलेनाप्ने कार्य गर्दछ ।यो साधन स्रोतको असमान वितरणसँग संबन्धित हुन्छ ।

प्रस्तुत लेखको उद्देश्य नेपालमा गरिबीको मापन र गरिबीको अवस्था, नेपालमा गरिबीको स्थानिक वितरण, नेपालमा गरिबी निवारणका प्रयासहरु, गरिबीका कारणहरु र गरिबी न्यूनिकरणका उपायहरुको व्याख्या र विश्लेषण गर्नु रहे को छ ।

**अध्ययन विधि र सामग्री** यो अध्ययन पूर्णत द्धितीय स्रोतबाट प्राप्त सूचनामा आधारित रहेको छ । नेपाल जीवनस्तर सर्वेक्षण(२०१०÷०११), आर्थिक सर्वेक्षण (२०७५/७६), नेपाल बहुआयामिक गरिबी सूचकांक (२०१८) तथा राष्ट्रिय यो जना आयोगका प्रतिवेदनहरु विभिन्न पुस्तक, जर्नल आदि स्रोतबाट उपलब्ध सूचनाहरुलाई उपयोग गरी वर्णनात्मक तथा विश्लेषणात्मक ढँगले प्रस्तुतीकरण गरिएको छ ।

**ब्याख्या र विश्लेषण**

**नेपालमा गरिबी मापन र गरिबीको अवस्था**

गरिबीको मापनका आधार के लाई मान्ने?भन्नेविषयमा विभिन्न समाज तथा मुलुकहरुमा अलग अलग मान्यता अभ्यासहरु भएको पाईन्छ । कतिपयले गरिबीको मापनको आधार आर्थिक पक्षलाई मानेका छन् भने कतिपयले सामाजिक तथा सेवा प्रवाहलाई मानेका छन् । आर्थिक विधि सजिलो र सबैले प्रयोग गरेको पाईन्छ तापनि वर्तमान समयमा गरिबीलाई बहुआयामिक रुपमा हेर्ने धारणाको विकास भएको छ । यसका आधारमा गरिबीको बहुआयामिक सूचकाI agfO{ गरिबीको विश्लेषण गरिन्छ । विश्व बैकले सन् १९८५ देखि दैनिक एक डलर (अतिकम विकसित मुलुकका लागि) र १.२५ अमेरिकी डलर (मध्यम आय भएका मुलुकका लागि)लाई क्रयशक्तिका आधारमा गरिबीको रेखा मान्ने गरेको छ । संयुक्त राष्ट्र संघ तथा अन्य संघ संस्थाहरुले गरिबी मापनका विभिन्न विधिहरु विकास गरेका छन् ।गरिबी मापनका लागि अत्यावश्यक आवश्यकता लागत सूचक (Cost of Basic Need Approach: CBN), गरिबीको बहुआयामिक सूचकाI(Multidimensional Poverty Index), मानवविकास सूचकांक

(Human Poverty Index)अतिगरिबी सूचकाI(Extreme Poverty Index र प्रतिनिधि मान परीक्षण (ProxyMeans Text: PMT)जस्ता विधिको विकास गरिएको छ, सो अनुसार गरिबीका सूचकहरु निर्माण गरि गरिबीको विश्लेषण गर्न थालिएको छ ।

नेपालमा सन् १९७० को दशक भन्दा अगाडि विषयगत रुपमा गरिबीको बारेमा व्याख्या र विश्लेषण गरिए तापनि गरिबी मापनका बारेमा तथ्यगत सूचना लिने गरिएको थिएन । सर्वप्रथम सन् १९७७ मा राष्ट्रिय योजना आयोगले रो जगारी आय विवरण र उपभोगको घरपरिवार सर्वेक्षण संचालन गरेको थियो । सो सर्वेक्षणले गरिबी सम्बन्धी तथ्यांक प्राप्त भएको थियो । त्यतिबेला आय र उपभोगको आधारमाप्रतिमहिना रु.६०।- लाई गरिबी रेखा मानिएको थियो सो अनुसार ४०.३% जनसंख्या गरिबीको रेखामुनी रहेको थियो (मैनाली, २०१८)

वस्तुगत रुपमा गरिबी मापनका लागि केन्द्रिय तथ्यांक विभागबाट पहिलो नेपाल जीवनस्तर सर्वेक्षण (१९९५/९६) संचालन गरेपछि मात्र गरिबीसँग सम्बन्धित तथ्यांकहरु प्राप्त गर्न थालियो । यो सर्वेक्षणबाट उपभोग खर्च (खाद्य, गैर खाद्य र आवास खर्च)को आधारमा गरिबीको रेखा र गरिबीको दर अनुमान गरियो । यो सर्वेक्षण संचालन गर्दा आधार भूत अत्यावश्यक लागत विधि (Cost of Basic Need Approach) उपयोग गरिएको थियो । यस सर्वेक्षण अनुसार नेपालीहरुको जीवन निर्वाहका लागि २१२४ क्यालोरी प्रतिव्यक्ति प्रतिदिन आवश्यकता हुने र सो प्राप्त गर्न आवश्यक खाद्य पदार्थ र अन्य गैर खाद्य आवश्यकताहरुमा हुने खर्च प्रतिव्यक्ति प्रति वर्ष प्रचलित मूल्यमा रु४,६५५।- गरिबीको रेखा निर्धारण गरिएको थियो । त्यतिबेलागरिबीको रेखामुनी ४१.७६प्रतिशत जनसंख्या रहेको अनुमान थियो । यसैगरी सन् २००३/०४ मा दोस्रो नेपाल जीवनस्तर सर्वेक्षण केन्द्रीय तथ्यांक विभागबाट संचालन गरियो जस अनुसार २,१४४ क्यालोरी प्रतिव्यक्ति प्रतिदिनलाइ गरिबीको सिमा मानिएको थियो ।सो अनुसारजीवन निर्वाहका लागि चाहिने क्यालोरी प्राप्त गर्न आवश्यक खाद्य पदार्थ र अन्य गैर खाद्य वस्तुहरु तथा आवासका लागि चाहिने उपभोग खर्च प्रतिव्यक्ति प्रतिवर्ष प्रचलित मूल्यमा रु.७,६९६ लाई गरिबीको रेखा निर्धारण गरिएको थियो । सो लाई आधार मान्दा त्यतिबेला नेपालमा ३०.८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान थियो । त्यसैगरी सन् २०१०/११ मा तेस्रो नेपाल जीवनस्तर संचालन गरियो । यस सर्वेक्षणमा पनि आधारभूत आवश्यकता लागत विधि (Cost of Basic Need Approach: CBN) उपयोग गरिएको थियो । यस सर्वेक्षणले २,२२० क्यालोरी शक्तिका लागि आवश्यक खाद्य पदार्थ र अन्य गैर खाद्यपदार्थ प्राप्त गर्न आवश्यक खर्च रु.१९,२६१ प्रतिव्यक्ति प्रतिवर्षलाई गरिबीको रेखा निर्धारण गरेको थियो । त्यतिबेलागरिबीको रेखामुनि २५.१६ प्रतिशत जनसंख्या रहेको अनुमान गरिएको थियो ।

यि विभिन्न सर्वेक्षणले नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या प्रतिशत घटेको देखाएका छन । पहिलो नेपाल जीवनस्तर सर्वेक्षण १९९५/०९६ देखी दोस्रो नेपाल जीवनस्तर सर्वेक्षण २००३/०४ सम्म करिव आठ वर्षमागरिबीको रेखामुनि रहेको जनसंख्या ११ प्रतिशतले घटेको थियो ।त्यसैगरी तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण,सन् २०१०/११ ले गरि बीको रेखामुनि रहेको जनसंख्या करिव ६ प्रतिशतले घटेको देखाएको छ । साक्षरता वृद्धि, कृषि ज्यालादर वृद्धि, शहरी क्षेत्रको विस्तार, कृषिमा आधुनिकीकरण, विप्रेषण आयमा वृद्धि, पूर्वाधार निर्माण, सरकारी तथा गैरसरकारी क्षेत्रको गर ीव लक्षीत कार्यक्रम संचालन आदि कारणले गरिबी घटेको भए पनि धनि र गरिब वीचको असमानता घटन सकेको छैन । असमानता जनाउने गिनी सूचक (Gini Coefficient)पहिलो नेपाल जीवनस्तर सर्वेक्षण १९९५/०९६ देखी दोस्रो नेपाल जीवनस्तर सर्वेक्षण २००३/०४ सम्म करिव आठ वर्षमा०.३४ वाट ०.४१ मा पुग्यो ।सन् २०१०/११को तेस्रो जीवनस्तर सर्वेक्षणमा सूचक ०.४६ पुगेको थियो । हाल गिनी सूचकको ०.३२८ रहेको छ ।त्यसैगरी नेपाल सर कारले विगत २०६९ सालदेखि गरिब घरपरिवारका लागि १८ वटा परिसूचकको आधारमा सर्वेक्षण गरी त्यसबाट प्राप्त

सूचनाहरुको विश्लेषण Proxy Means Text(PMT) को आधारमा २५ जिल्लामा ३,९१,८३१ घरपरिवार गरि बको परिभाषित गरेको छ । यिनीहरुमध्ये पनि १,८८,२२६ लाई अति गरिब, १,१९,७६१ मध्यम गरिब ८३,८४४ लाई सामान्य गरिब  गरि तीन भागमा वर्गीकरण गरीएको छ(मैनाली, २०१८)।

त्यसैगरी राष्टिय योजना र Oxford Poverty and Human Development Intiative (OPHI),University of Oxfordवाट नेपालको वहुआयमिक गरिबी सूचकाँक प्रतिबेदन(Multidemensional Poverty Index:MPI)सन २०१८मा प्रकाशित गरिएको छ । सो प्रतिवेदन अनुसार नेपालमा २८.६ प्रतिशत जनता वहुआयमिक गरिबीको रुपमा रहेको अनुमान छ।

**गरिविको स्थानिक वितरण**

नेपाललाई भौगोलिक रुपमा हिमाल, पहाड, तराई गरी तिन भागमा विभाजन गर्न सकिन्छ । जनसंख्याको वितरण हेर्दा जनगणना सन् २०११ अनुसार कुल जनसंख्याको हिमालमा ६.७३ प्रतिशत,पहाडमा ४३ प्रतिशत रतराइमा ५०.२७ प्रतिशत रहेको छ ।तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण,सन् २०१०/११ अनुसार हिमालमा ४२.२७ प्रतिशत र पहाडमा २४प्रतिशतजनसंख्यागरिबीको रेखामुनि रहेको छ भने तराईमा २३.४४ जनसंख्या गरिबीको रेखाामुनि रहेको छ। यसरी हेर्दा हिमाल भन्दा पहाड र पहाड र हिमाल भन्दा तराईमा गरिबीको रेखाामुनि रहेको जनसंख्या कम रहेको छ ।खासगरी तराईमा उब्जाऊ भूमी, विकासका पूर्वाधार निर्माण, उद्योग कलकारखाना स्थापना तथा शहरी क्षेत्रको विकास र रोजगारी अबसर आदि कारणलेगरिबी घटेको मानिन्छ । आय गरिबीको दृष्टिकोणले तराईमा गरिबीको रेखामुनि रहेको जनसंख्या कम भएतापनि मानवीय गरिबी(Human poverty)को दृष्टिकोणले तराईमा गरिबीको स्तर उच्च रहेको छ ।

यसैगरीशहरी क्षेत्र र ग्रामीणक्षेत्रका आधारमा हेर्ने हो भने शहरी क्षेत्रमा गरिबी रेखामुनि रहेको जनसंख्या १५.४६ प्रतिशत र ग्रामीणक्षेत्रमागरिबी रेखामुनि रहेको जनसंख्या २७.४३ प्रतिशत रहेको छ। विकासक्षेत्रको(Development Region)आधारमा हेर्ने हो भने सुदुरपश्चिमाञ्चल विकासक्षेत्रमा सवैभन्दा बढी जनसंख्या ४५.६१प्रतिशत गरिबीको रेखामुनि रहेको छ । यसैगरी मध्यपश्चिमाञ्चल विकासक्षेत्रमा ३१.६८प्रतिशत, पश्चिमाञ्चल विकासक्षेत्रमा २२.२५ प्रतिशत मध्यमाञ्चल विकासक्षेत्रमा, २१.६९प्रतिशतर पूर्वाञ्चल विकासक्षेत्रमा २१.४४प्रतिशतजनसंख्या गरिबीको रेखामुनि रहेको छ ।नेपालको गरिबी रेखामुनी रहेका जनसंख्याको स्थानिक वितरण तालिका नं १मा देखाइएको छ ।

**तालिका नं १:भौगोलिक क्षेत्र अनुसार गरिबीको स्थिति**

| क्षेत्र | जनसंख्या (प्रतिशतमा) | गरिबी रेखामुनि रहेको जनसंख्या (प्रतिशत) |
|---|---|---|
| हिमाल | ६.७३ | ४२.२७ |
| पहाड | ४३.० | २४.० |
| तराई | ५०.२७ | २३.४४ |
| नेपाल | १०० | २५.१६ |
| **विकासक्षेत्र** | | |

| | | |
|---|---|---|
| पूर्वाञ्चल | २३.३ | २१.४४ |
| मध्याञ्चल | ३५.७ | २१.६९ |
| पश्चिमाञ्चल | १९.२ | २२.२५ |
| मध्यपश्चिमाञ्चल | १३.० | ३१.६८ |
| सुदुरपश्चिमाञ्चल | ८.८० | ४५.६१ |
| नेपाल | १०० | २५.१६ |

स्रोतःनेपाल जीवनस्तर सर्वेक्षण, २०१०/०११

यसैगरी राष्ट्रिय योजना आयोग र Oxford Poverty and Human Development Intiative (OPHI),University of Oxfordले सन २०१८मा Nepal Multidimensional Poverty Indexअध्ययन प्रतिवेदन प्रकाशित गरेको छ । सो प्रतिवेदन अनुसार नेपालको २८.६ प्रतिशत मानिसहरुगरिब रहेको पाइएको छ ।यसैगरी शहरीजनसंख्याको ७ प्रतिशत र ग्रामीण जनसंख्याको ३३ प्रतिशत मानिसहरु गरिब रहेको देखिन्छ ।प्रदेशगत रुपमा सवैभन्दा वढी वहुआयामिक गरिबी कर्णाली प्रदेशमा छ भने सवैभन्दा कम प्रदेश नं.३मा रहेको छ ।नेपालको बहुआयामिक गरिबी स्थिति तालिका नं २मा देखाइएको छ ।

**तालिका नं २ः वहुआयामिक गरिबी स्थिति**

| **प्रदेश** | **जनसंख्या वितरण (प्रतिशतमा)** | **गरिबीको दर(प्रतिशतमा)** |
|---|---|---|
| प्रदेश नं.१ | १७.६ | १९.७ |
| प्रदेश नं.२ | १८.४ | ४७.९ |
| प्रदेश नं.३ | २२.० | १२.२ |
| गण्डकी प्रदे | ११.६ | १४.२ |
| श | १६.५ | २९.९ |
| प्रदेश नं.५ | ५.४ | ५१.२ |
| कर्णाली प्रदे | ८.५ | ३३.६ |
| श | | |
| सुदुरपश्चिम प्रदेश | | |
| नेपाल | १०० | २८.६ |

स्रोतः राष्ट्रिय योजना आयोग र ओ.पी.एच.आई.,२०१८

**नेपालमा गरिबी निवारणका प्रयासहरु**

१९७०को दशक भन्दा अगाडि गरिबीको मुद्धालाई सम्बोधन गर्न बिभिन्न पञ्चवर्षीय योजनामा प्रत्यक्ष कार्यक्रमहरु संचालन नभए पनि त्यसपछि गरिबी न्यूनीकरणका लागि परियोजनाहरुका रुपमा केही कार्यक्रमहरु जस्तैः साना

किसान विकास परियोजना, लघुवित्त कार्यक्रम, महिला विकास कार्यक्रम आदि संचालन भए तर एकिकृत रुपमा गरिबी निवारणका कार्यहरु हुन सकेनन् । सातौ पञ्चवर्षीय योजना (२०४२-२०४७) बाट आधारभूत आवश्यकता पूरा गर्ने महत्वाकांक्षी दीर्घकालीन अवधारण सहित गरिबी निवारणको १५ वर्षे कार्ययोजनानिर्माण गरिएको थियो । तर २०४६ सालको बहुदलिय प्रजातन्त्रको पुर्नस्थापना पछि यो कार्यक्रमले निरन्तरता पाउन सकेन ।यसैगरी आठौ योजनामा (२०४९-२०५४) मा गरिबी न्यूनीकरणलाई प्रमुख उद्देश्यको रुपमा राखिएको थियो । त्यसैगरी आठौं योजनाका गरिबी न्यूनीकरणका कार्यक्रमलाई नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) ले पनि निरन्तरता दिए पनि थप खास कार्यक्रम तर्जुमागर्न सकेन (मैनाली, २०१८) । ठोस रुपमा दशौं पञ्च वर्षीय योजना (२०५९-२०६४) मा गरिबी न्यूनीकरण गर्नका लागि बहुआयामिक अवधारणा अनुरुप कार्यक्रम संचालन गर्‍यो । दशौं योजनामागरिबीलाई आय गरिबी, मानवीय गरिबीर सामाजिक वञ्चितिकरण गरी तीन आयाममा विभाजन गरी सो अनुरुप गरिबी न्यूनीकरणका रणनीति तथा कार्यक्रम तर्जुमा गरी संचालन गरियो । यसै योजना अवधिमा गरिबी निवारणका लागि संचालन हुने कार्यक्रमहरुको प्राथमिकता निर्धारण अनुगमन तथा मूल्यांकन प्रणाली स्थापना गरियो(राष्ट्रिय योजना आयोग,२०५९) । त्यसपछि एघारौं तीनवर्षीय योजना अवधीमा (२०६४/६५-२०६६/६७) मा दशौं पञ्चवर्षीय योजनाका कार्यक्रमहरुलाई निरन्तरता दिदै निरपेक्ष गरिबीमा रहेका जनताको जीवनस्तर उठाउन  सीप, पूंजीर प्रविधिको उपयोग गरी उद्दमशीलता विकास गरी स्वरोजगार बनाउने,आन्तरिक तथा बैदेशिक रोजगारीमा दलित,अपागं, जनजाती,मधेसी र पिछडिएका समूहको पहुंच पुर्‍याउने नीति लिएको थियो(राष्ट्रिय योजना आयोग,२०६४) ।

बाह्रौं तीनवर्षीय योजना (२०६७/६८-२०६९/७०)लेसमावेशी, उत्पादनमूलक एवं लक्षित कार्यक्रमको विस्तारद्वारा सम्मानजनक तथा लाभजन्य रोजगारीका अवसर वृद्धि गरी मुलुकमा विद्यमान् असमानता र गरीबी घटाउने उद्देश्य लिएको थियो । सो उद्देश्य पुरा गर्न मुलुकभित्र औपचारिक तथा अनौपचारिक क्षेत्रका उत्पादनमूलक क्रियाकलापका माध्यमबाट फराकिलो आर्थिक वृद्धि, रोजगारीका अवसरहरु सिर्जना, प्रबर्द्धन एवं सोको न्यायोचित वितरणमा राज्यको भूमिका तथा नीतिहरुलाइ निर्देशित गर्ने, क्षेत्रगत तुलनात्मक लाभका आधारमा श्रममूलक उत्पादन प्रणालीको अवलम्वन र कार्यक्रम सञ्चालनमा जोड दिने,मानवीय सुरक्षा मैत्री नीति एवं संयन्त्रको प्रबर्द्धन, विकास तथा विस्तार गरी विपन्न तथा सीमान्तकृत वर्गको जोखिम न्यूनीकरणका लागि सुरक्षा जालो लाई प्रोत्साहन गर्ने , खाद्य तथा पोषण सुरक्षामा जोड दिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी, वैदेशिक सहयोग एवं गैर सरकारी संघ संस्थाहरुकावीच प्रभावकारी समन्वय र सहकार्यद्वारा गरीबी न्यूनीकरणका लागि स्रोत परिचालन गर्ने रणनीती लिएको थियो(राष्ट्रिय योजना आयोग,२०६७) ।

यसै गरी तेह्रौं त्रिवर्षीय योजना (२०७०/७१-२०७२/७३) लेसमावेशी,फराकिलो र दिगो आर्थिक बृद्धि, उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने,क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने, विभिन्न निकाय तथा संस्थाहरूबाट संचालित गरिबी न्यूनीकरण कार्यक्रमबीच समन्वय कायम गर्ने, मागमा आधारित लक्षितकार्यक्रमहरू सञ्चालन गर्ने रणनीति लिएको थियो(राष्ट्रिय योजना आयोग,२०७०) ।

यसैगरी चौधौ योजना (२०७३/७४-२०७५/७६)ले उत्पादनका साधन तथा अवसरमा पहुँच वृद्धि आय र रोजगारीका अवसर वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धि गर्ने सोंच राखी निरपेक्ष गरिबी निवारण गर्दै आर्थिक समृद्धिको आधार तयार गर्ने लक्ष्य लिएको थियो भने गरिबीको रेखामुनी रहेको जनसंख्या १७ प्रतिशतमा ल्याउने उद्देश्य राखेको थियो । सो उद्देश्य पुरा गर्न उत्पादन वृद्धि, रोजगारी सृजना अवसरहरुको न्यायोचित वितरण सरकारी र गैर सरकारी क्षेत्रबीचमा समन्वय, स्रोत साधनको सन्तुलित व्यवस्थापन, गरिबी निवारण कार्यक्रमहरुको प्रभावकारी मूल्यांकन

आदिमा जोड दिएको थियो(राष्ट्रिय योजना आयोग,२०७३) ।

यसैगरी पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१)को आधारपत्रले सबै प्रकारका गरिबी मुक्त समाजको परिकल्पना गर्ने सोच राखी गरिब र धनी बीचको असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनी रहेको जनसख्या ११ प्रतिशतमा झाने लक्ष्य राखेको छ । यस योजनाले गरीव पहिचान गरी गरीब लक्षित कार्यक्रमहरु संचालन गर्ने,गरीववर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने र राज्यको स्रोतसाधनमा गरीबकोपँहुच स्थापित गर्नेउद्देश्य लिएको छ ।यसैगरी सवेक्षण मार्फत घरपरीवार पहिचान गरी अध्यावधिक विवरण राख्ने ,पहिचान भएको गरीवलक्षित गरी गरिबी निवारण योजना,कार्यक्रमहरु तथा आयोजना तर्जुमा एवं कार्यान्वयन गर्ने, रोजगार, स्वरोजगारमूलक सीप विकास, तालिम तथा शिक्षा कार्यक्रमहरु संचालन गर्ने, रोजगारीका अवसरमा र उत्पादनका स्रोतसाधनमागरीवको पहुंच सुनिश्चित गर्ने, आधारभूतआवश्यकता, वस्तु तथा सेवामा गरीवको पँहुच सुनिश्चित गर्ने रणनीतिहरु लिएको छ(राष्ट्रिय योजना आयोग,२०७६) ।

गरिबी निवारण बहुआयामिक विषय भएकोले सरकारी क्षेत्रबाट बिभिन्न कार्यक्रमहरु सन्चालन भएका छन्। गरिबी निवारणका हाम्रा प्रयासहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. संस्थागत व्यवस्थाः सरकारले गरिबी निबारणका लागिगरिबी निबारण कोष,गरिबी नक्शांकन,गरिबी अनुगमन प्रणालीको व्यवस्था गरेको छ ।

२. गरिब लक्षित कार्यक्रमः दुर्गम क्षेत्र विकास कार्यक्रम,साना किसान विकास कार्यक्रम, विशेष क्षेत्र विकास कार्यक्रम, कर्णाली क्षेत्र विकास कार्यक्रम,कर्णाली रोजगार कार्यक्रम, महिला सशक्तीकरण तथा सीप विकास कार्यक्रम,पश्चिम तराइ गरिबी निबारणकार्यक्रम, आरक्षण र समावेशीकरण,ग्रामिण विकास बैंक,शहरी गरीबका लागि सामुहिक आबास योजना, मुक्त कमैया हलिया पुनस्थापनाकार्यक्रम,सुकुम्बासी समस्या समाधान कार्यक्रम ।

३. कार्यगत व्यवस्थाः कामका लागि खाध्यान्न,खाध्यान्न अनुदान,आधारभूत स्वास्थ्य,प्राथमिक शिक्षा,व्यवसायिक शिक्षा तथा तालिम परियोजनाकार्यक्रमहरु आदि ।

४. सामाजिक परिचालनःगैह्र सरकारी संस्था, महिला विकास, सामुदायिक बन, कबुलियती बन, सहकारी आदिबाट संचालित कार्यक्रमहरु ।

५. सामाजिक सुरक्षा कार्यक्रमः गरिब, एकल महिला, अशक्त र वृद्धका लागि भत्ता,उपचारर सहुलियत सम्बन्धी कार्यक्रमहरु ।

६. मानवीय विकासः शिक्षा, स्वास्थ्यमा लगानी सरसफाइ कार्यक्रम,आयआर्जन कार्यक्रम रोजगार कार्यक्रम(स्वदेशी र बिदेशी) ।

७. जनसंख्या व्यवस्थापनः जनसंख्या नियन्त्रण र परिवार नियोजन कार्यक्रम ।

८. बिशेष कार्यक्रमः गरिबसंग विश्वेश्वर कार्यक्रम,युवा रोजगार तथा स्वरोजगार कार्यक्रम, ग्रामिण स्वाबलम्बन कार्यक्रम।

९. पुर्ननिर्माणका कार्यक्रमहरु ।

सरकारी स्तरबाट संचालितयी बिभिन्न कार्यक्रमहरु बाहेक गैह्रसरकारी क्षेत्रबाट पनि गरिबी न्यूनिकरणका लागि बिभिन्न कार्यक्रमहरु संचालन हुदै आएका छन। निजी क्षेत्रको पनि गरिबी निबारणका अभियानमा सहयोग लिने निती लिइएको छ । यसैगरीसरकारले बिभिन्न संस्थागत संयन्त्र निर्माण गरीगरिबी निवारणका लागि परिचालन गदै आएको छ ।गरिवी निवारणका लागि नीतिगत तहमा राष्ट्रिय योजना आयोगले काम गर्दछ । नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि सबै सरोकारवाला निकायहरुलाई समन्वय गर्ने काम भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले गर्दछ । यस मन्त्रालयले हालै गरिवी निवारण नीति २०७६ तर्जुमा गरेको छ । यो नीतिले गरिवी मुक्त तथा समानतायुक्त समाजको परिकल्पना गरी आर्थिक असमानता न्यूनिकरण गर्ने एवम् गरिवीको रेखामुनी रहेको जनसख्या वि.सं २०८७ सम्म ५प्रतिशत मा र वि.सं २१०० सम्म शून्यमा मा झार्ने लक्ष्य लिएको छ । यसरी नेपालले गरिवी निवारणका लागि विभिन्न स्तरमा एकिकृत ढंगबाट सरोकारवाला पक्षहरुलाई समन्वय गरी गरिवी निवारणका लागि प्रयास गर्दै आएको छ ।

## नेपालमा गरिबी निबारणका समस्या तथा चुनौतिहरु

सरकारी तथा गैरसरकारी क्षेत्रबाट गरिबी निवारणका कार्यक्रमहरु सञ्चालन गरिए तापनि अपेक्षा गरे अनुरुप उपलब्ध हासिल हुन सकेको छैन । अझै पनि गरिबीको रेखामुनी रहेको जनसंख्या १८.७ प्रतिशत रहेको छ । धनी र गरीव बीचको असमानता स्तर पनि फराकिलो नै छ । पन्ध्रौ योजनाको आधारपत्रमा गरिब लक्षित कार्यक्रम क्षमता विकास भन्दा वितरणमुखी हुनु,वास्तविक गरिबलाई लक्षित गरी कार्यक्रम संचालन गर्न नसक्नु, विभिन्न निकायहरुबाट संचालित छरिएर रहेका गरिबी निवारणसँग सम्बन्धीत कार्यक्रम बीच समन्वयको अभाव रहनु,कृषि क्षेत्र निर्वाहमुखी हुनु, राज्यको स्रोत साधानमागरिबहरुको सहज पहुच पुऱ्याउन नसक्नु, बैदेशिक रोजगारीबाट प्राप्त आर्थिक सामाजिक विप्रेषणको उपयोग उत्पादन क्षेत्रमा नहुनु,बौद्धिक पलायन हुनु, मुलुकभित्र जनशक्तिको उपयोग हुन नसक्नु आदिलाई नेपालमागरिबी निवारणका प्रमुख समस्याहरु हुन् भनिउल्लेख गरिएकोछ(राष्ट्रिय योजना आयोग,२०७६)।यसैगरी गरिवी निवारण नीति २०७६ अनुसार नेपालमा गरिवी निवारणका चुनौतीहरु किटान गरेको छ । जस अनुसार दिगो विकासको लक्ष्य अनुरुप सबै स्वरुपको गरिवी निर्मूल गर्नु, धनी र गरिव बिचको असमानता, शहर र गाउँ बिचको असमानता र विभिन्न भौगोलिक क्षेत्रहरु बिचको असमानता घटाउने, शहरीक्षेत्रको गरिवी निवारण गर्न आर्थिक तथा सामाजिक विप्रेषणलाई पूँजी निर्माणमा उपयोग गर्न कृषि पेशालाई व्यवसायीकरण र आधुनिकीकरण गर्न, प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सृजना गरेको प्रतिकूल अवस्थासँग जुध्न गरिव व्यक्ति, परिवार तथा समुदाय पहिचान गरी लक्षित कार्यक्रम संचालन गर्ने आदि चुनौतिहरु रहेका छन्(भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,२०७६), ।

सरकारी प्रयासका वावजुद पनि गरे अनुसार अपेक्षागरिबी नघट्नुका पछाडि प्रत्यक्ष अप्रत्यक्ष विभिन्न कारणहरु रहे का छन । साधारणतया नेपालको अर्थ राजनितीक प्रणाली पछौटे कृषि प्रणाली हुनु,भूमिको असमान वितरणआर्थिक वृद्धि सुस्त हुनु, वेरोजगारी, जनसंख्या वृद्धि हुनु,औधोगिकीकरण हुन नसकी रोजगारी अवसरमा वृद्धि नहुनु,राजनैतिक अस्थिरता र सुशासनको अभावले गरिबलक्षित कार्यक्रमहरु प्रभावकारी नहुनु,प्राकृतिक स्रोत र साधनको कम उपयोग हुनु र ती स्रोत साधनमा गरिबको पहुँच नपुग्नु,सामाजिक वञ्चितिकरणका कारण श्रोत साधन आय रोजगारमा गरि बको पहुच नपुग्नु, लैंगिक असमानता हुनु,विकास शहर केन्द्रीत हुनु, असमान विकास हनु,विप्रेषणबाट प्राप्त रकम उत्पादनमूलक क्षेत्रमा परिचालन नहुनु,प्राकृतिक प्रकोपहरु जस्तैः बाढीपहिरो, भूकम्प, खडेरी आदिबाट पीडित हुनु, र

मानवीय विकास सशक्तिकरणमा पर्याप्त लगानी नहुनु आदिकारणहरुगरिबी विद्यामान रहनुका पछाडि जिम्मेवार रहेका छन् भन्न सकिन्छ ।यस्ता कारणहरु नहटाइ गरिबी न्यूनीकरण गर्न सकिदैन । यसैगरी नेपालमा लामो समयदेखि गरिबी निबारणको प्रयास गरिए पनि अपेक्षित सफलता हासिल गर्न नसक्नुमा गरिबी निवारणका लक्षित कार्यक्रममा लक्षित वर्गको पँहुच नपुग्नु,गरिबको क्षमता विकास भन्दा वितरणमा जोड दिनु,गरिब लक्षित कार्यक्रमहरुमा सरकारवालाको सहभागिता कमजोर हुनु,गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन नहुनु, वास्तविक गरिब पहिचान गरि गरिब लक्षित कार्यक्रम संचालन गर्न नसक्नु,वित्त तथा सहुलियत सेवाको अभाव,स्रोतको अपर्याप्तता र स्रोत विनियोजनमा अक्षमता,जीवनउपयोगी वैज्ञानिक शिक्षाको अभाव,बेरोजगारी,गरिबी निवारणसंग सम्बन्धीत सरोकारवाला निकायहरु बीचमा समन्वयको कमि,महंगी बढ्नु जस्ता समस्या र चुनौतिहरु रहेका छन् ।

## गरिबी निवारणका उपायहरु

नेपालमा लामो समयदेखि गरिवी निवारणका लागि विभिन्न प्रयासहरु भए तापनि अपेक्षा अनुरुप सफलता प्राप्त गर्न सकिएको छैन ।विभिन्न संस्थाहरु तथा विद्धानहरुले नेपालको गरिबी निबारण लागि विभिन्न उपायहरु देखाएका छन।एशियन विकास बैंक (सन २००२)को प्रतिवेदनमा नेपालमा गरिबी न्यूनीकरण गर्न रोजगारी सृजना, ग्रामीण आय वृद्धि, आधारभूत सामाजिकसेवामा समतामूलक सुधार,शुसासन हुनुपर्ने सुझाव दिइएको छ(ए.डि.बी.,२००२) ।यस्तै भूमिसुधार, रोजगारी सृजना, आधारधूत खाध्यान्न आपश्यकता पूर्ति, जैविक खेति,कृषि उत्पादकत्व वृद्धी लागि पूर्वाधार विकास,विकेन्द्रीत औधोगिकिकरण, गरिबहरुकोअरुमाथि हुने परनिर्भरता घटाउने उपाय अबलम्बन गरी गरिबी न्यूनीकरण गर्न सकिन्छ (अधिकारी,१९८७) ।यसैगरीनयाँ रोजगारी सृजना, ग्रामीण ऋणसेवा फराकिलो बनाउने तथा राजनीतिक प्रतिबद्धता जस्ता उपायहरु अवलम्बन गरी गरिबी न्यूनीकरण गर्न सकिन्छ (ज्ञवाली,२००५) ।

गरिवी निवारण आफैमाबहुआयामिक विषय हो । कुनै एक तरिकाबाट मात्रै गरिवी घटाउन सम्भव छैन । मूलुकको अर्थतन्त्रमा सिमित वर्गको नियन्त्रण कायम रहेसम्म परम्परागत रणनीति मार्फत गरिवीलाई न्यूनिकरण गर्न गाह्रो छ । त्यसकारण गरिवीको जड पहिचान गरी आर्थिक, सामाजिक, मानवीय तथा भौगोलिक तत्वहरुलाई ध्यान दिई एकिकृत ढंगले गरिवी निवारणका उपायहरु अवलम्बन गर्न सके मात्र गरिवी न्यूनिकरण गर्न सकिन्छ । गरिवी न्यूनिकरण गर्नका लागि मुख्यत राज्यको आर्थिक, सामाजिक, प्रशासनिक पुर्नसंरचना गरी राज्यका स्रोत र साधनमा गरिवहरुको पहुँच पुर्‍याउन आवश्यक छ । यसैगरीवस्तुगत सूचक र मापदण्डका आधारमा गरिबहरुको पहिचान गरी गरिबीका कारणहरु पत्ता लगाई सो अनुकूल गरिब लक्षित कार्यक्रमहरु संचालन गर्ने,व्यापक रुपमा रोजगारीका अवसर सृजना गर्ने,गरिबहरुको क्षमता विकास कार्यक्रममा जोड दिने,भौतिक पूर्वाधारहरु यातायात तथा संचारको पँहुच पुर्‍याई कृषिको बजारीकरण र व्यवसायीकरण गर्ने,जमिनमा गरिबको पँहुच पुर्‍याउने,राजनीतिक स्थीरता र सुशासन कायम गर्ने,गरिब लक्षित कार्यक्रमहरुमा लक्षित वर्गको सहभागीता सुतिश्चित गर्ने ,जनचेतना वृद्धिगर्ने जनसंख्या वृद्धि नियन्त्रण गर्ने,आय आर्जन, आर्थिक स्रोत साधन र वितरणमा,गरिबको पँहुच पुर्‍याउने ,सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउने ,गरिब लक्षित कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने तथा सुदृढ प्रशासनिक संरचना निर्माण गर्ने ,विप्रेषणबाट प्राप्त रकम उत्पादनमूलक क्षेत्रम उपयोग गर्ने ,विभेदकारी सामाजिक प्रचलन प्रथा परम्परा कानून र पद्धतीलाई अन्त्य गर्ने,सकारात्मक विभेद नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,सरकारी, गैरसरकारी र नीजि क्षेत्रलाई गरिबी निवारणमा एकीकृत ढंगले परिचालन गर्ने रप्राकृतिक प्रकोप पीडितहरुलाई राहत, पुर्नबास गराउनेर उपयोग ढाँचामा सुधार ल्याउने आदि उपायहरु अबलम्बन गरी गरिबीलाइ न्यूनीकरण गर्न सकिन्छ ।

## उपसंहार

सामान्यतया आधारभूत न्यूनतम आवश्यक्ता पूरा गर्न नसक्ने,शक्तिहिन आवाजहिन प्रतिनिधित्व विहिन,क्षमता विक(ासको अभावको अवस्था गरिबी हो । सामाजिक आर्थिक सांस्कृतिक तथा मनोवैज्ञानिक रुपले कमजोर र अभावग्रस्त अवस्था नै गरिबी हो । नेपालमा हाल गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत रहेको छ भने २८.६ प्रतिशत जनसंख्या वहुआयामिक गरिबीको अवस्थामा रहेका छन । विभिन्न आवधिक योजनाहरुमा सरकारले गरिबी न्यूनीकरणका लागि विभिन्न नीति, रणनीति, कार्यनीति तर्जुमा गरी विभिन्न कार्यक्रमहरु सन्चालन गरेतापनि अपेक्षा अनुरुप गरिबी घट्न सकेको छैन ।यसो हुनुमा विभिन्न कारणहरु जस्तैः जमिन असमान वितरण,गरिब लक्षीत कार्यक्रम प्रभावकारी हुन नसक्नु, गरीवको क्षमता विकासभन्दा वितरणमा जोड दिनु, आर्थिक स्रोत साधनको न्यायोचित वितरण नहुनु, आर्थिक वृद्धि सुस्त हुनु,रोजगारका अवसरमा गरिबको पहुँच नहुनु, वैज्ञानिक सीपमूलक शिक्षाको अभाव,मौलिक पूर्वाधारको कमि आदि तत्वहरुजिम्मेवार छन् । त्यसैले एकीकृत प्रयास मार्फत सामाजिक, जनसांख्यिक, आर्थिक, र ाजनैतिक पक्षसंग सम्वन्धीत उपायहरु अपनाईगरिबी न्यूनीकरण गर्न जरुरी छ । त्यसका लागि सरकारी गैह्रसरकारी तथा निजि क्षेत्रका कियाकलापहरु समन्वयात्मक रुपमा गरिब केन्द्रित भई संचालन गर्न सके गरिबी न्यूनीकरणमा मद्दत पुग्न सक्छ ।देशको समृद्धि र सामाजिक आर्थिक रुपान्तरणको नारालाई सार्थक बनाउन गरिबीको रेखामुनि रहे को जनसंख्यालाई माथि उकास्नु र तिनको क्षमता र सामर्थ्य विकास गरी मानवोचित जीवन सुनिश्चित गर्नु आजको आवश्यकता हो ।

## सन्दर्भ सामाग्री


अर्थमन्त्रालय, नेपाल सरकार (२०७६),आर्थिक सर्वेक्षण २०७५/०७६,काठमाण्डौःअर्थमन्त्रालय ।

अर्याल,रमेश (२०७५),समसामयिक विषयहरु,काठमाण्डौःगुडलक पब्लिकेशन।

खत्री विष्णु वहादुर,देवकोटा,वलराम(२०७०),जनसंख्या र विकास, काठमाण्डौःकृति प्रकाशन ।

मैनाली,गोपीनाथ (२०१८),गरिबी निवारण अभ्यास र उपलब्धी, प्रशासन, सार्वजनिक प्रशासन सम्वन्धीपत्रिका,129,1-13p. retrieved from nkcs.org.np/mogalelibrary on Sep.18,2019.

भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, (२०७६), गरिवी निवारण नीति,२०७६ ,retrieved from molcpa.gov.np on October 14, 2019.

राष्ट्रिय योजना आयोग (२०५५),नवौं योजना(२०५४-२०५९), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

राष्ट्रिय योजना आयोग (२०५९),दसौं योजना(२०५९-२०६४), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

राष्ट्रिय योजना आयोग (२०६४),एघारौं योजना(२०६४/६५-२०६६/६७), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

राष्ट्रिय योजना आयोग (२०६७),वाहौं योजना(२०६७/६८-२०६९/७०), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

राष्ट्रिय योजना आयोग (२०७०),तेहौं योजना(२०७०/७१-२०७२/७३), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

राष्ट्रिय योजना आयोग (२०७०),चौथौं योजना(२०७३/७४-२०७५/७६), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

राष्ट्रिय योजना आयोग (२०७६),पन्धौं योजना(२०७६/७७-२०८०/८१), काठमाण्डौःराष्ट्रिय योजना आयोग।

सुवेदी,डा.गोबिन्द र आचार्य,छबिलाल(२०६८),जनसंख्या शिक्षाको सिद्धान्त र दर्शन,काठमाडौं:कृति प्रकाशन ।

CBS.(2004).*National Living Standard Survey Report 2003/04*.Main findings Vol I and II. Kathmandu:CBS.

CBS.(2011).*National living Standard Survey 2010/11*. Kathmandu:CBS.

Gewali,G.P.(2005).Poverty Alleviation Measures in Nepal:Commitments and Review.*Economic Review*,*vol.17*.retrieved from https://www.nrb.org.np>ecorev on Sep.18,2019.

Adhikari, S.B.(1987).Anti-poverty strategies of Nepal:Review and Analysis. *EconomicReview,vol.1*retrieved from https://.nrb.org.np.ecorev> on Sep.18,2019.

NPC,OPHI (2018).*Nepal Multidimensional Poverty Index, Analysis TowardsAction*. Kathmandu: NPC, OPHI,Oxford of University.

Poudel, K.P. (2012). *Fundametals of Resource Management, Principles and Practices*, Jermany: LAPLAMBERT. Academic Publishing GmbH & Co. KG.

Sen, A. (2000).*Development as Freedom.* New Delhi: Oxford University Press.

UNDP,CBS.(2001).*Nepal Human Development Report*. Kathmandu UNDP, Central Bureau of Statistics